**कोराना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख ११ गते**
प्रदेश ५ का जिल्लाहरूमा क्वारेण्टइनमा रहेका व्यक्तिहरूको आरडीटी परीक्षण भइरहेको छ । नवलपरासी पश्चिम जिल्लामा आरडीटी परीक्षणमा पोजिटिभ आएका व्यक्तिको स्वाव परीक्षण पछि कोरोना भाइरस नभएको पुष्टि भएको छ ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्लामा हालसम्म ५८ जनाको आरडीटी विधिबाट कोरोना परीक्षण गरिएकोमा सबेको रिर्पोट नेगेटिभ आएको छ ।
यसैगरी प्रहरी हिरासतमा रहेका तीन जनाको आरडीटी परीक्षण गरिएकोमा रिर्पोट नेगेटिभ आएको छ । स्थानीय तहरूबाट प्राप्त तथ्याङ्क अनुसार जिल्लामा करिब १८ सय जना भारत लगायत तेस्रो मुलकबाट आएका व्यक्तिहरू परीक्षणकालागि प्रदेशबाट २ हजार किट माग भएकाले प्राप्त हुना साथ परीक्षण गरिने छ । अझै पनि मानिसहरू जिल्ला भित्रने क्रम नरोकिएपछि जिल्ला बिपद् व्यावस्थापन समितिले जिल्ला आउने सबैलाई अनिवार्य क्वारेण्टाइनमा राख्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी लक्ष्मण पाण्डेयले बताउनु भयो ।

**इन्सेक रुकुमपूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार, ११ गते भूमे गाउँपालिकामा लकडाउन अगाडि विभिन्न देशबाट आएका हाल सम्म होम क्वारेण्टाइनमा बसेका १६ जनाको आरडिटी विधिबाट परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेरिाखेको भएपनि आरडीटी गर्न बाँकी रहेको भूमे गाउँपालिकाका स्वास्थ्य शाखाका सहसंयोजक सन्जीब खड्काले जानकारी दिनु भयो ।
यसैगरी वैशाख ११ गते भूमे गाउँपालिको व्यवस्थापनमा १५ जना दाङबाट आएका र ४ जना म्याग्दीबाट आएका गरी १९ जनालाई भूमे गाउँपालिका-१ स्थित सिद्धचौर मावि लुकुममा बनाइएको क्वारेण्टाइनमा राखिएको वडा अध्यक्ष रामचन्द्र पुनले बताउनु भयो ।
होम क्वारेण्टाइनमा बसेकाहरू गाउँमा मनोमानी ढङ्गले हिड्डुल गर्न थालेपछि गाउँलेहरू त्रासमा रहेको स्थानीय ढाती घर्तीले बताउनु भयो । स्थानीय तहले क्वारेण्टाइनमा नराखर होम क्वारेण्टायनमा बसाएका कारण सङ्क्रमणको त्रास रहेको छ ।
वैशाख ९ गते अलपत्र परेका ८७ जनालाई गाउँपालिकाले उद्धार गरेर होम क्वारेण्टाइनमा बस्न सल्लाह, सुझाव दिइएर पठाएको भउपनि होम क्वारेण्टायनको अर्थ नबुझेका कारण समस्या देखिएको हो ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार बर्दियाका ७४ क्वारेण्टाइनमा १ हजार ७ सय ६४ बेड व्यवस्था गरिएको छ । वैशाख ११ गते २ सय ६१ जना क्वारेण्टायनमा थपिएका छन् । दुई हप्ता क्वारेण्टाइनमा बसिसकेकाहरू मध्य हालसम्म ३ सय ८६ जनाको आरडीटी परीक्षण नेगेटिभ आएपछि घर फर्केका छन् । हालसम्म २५ जनाको स्वाव परीक्षण गरिएकोमा सबैको रिपोृट नेगेटिभ आएको छ ।
जिल्ला बाहिरबाट चैत ३० गतेसम्म सम्म ६ हजार ३ सय २२ भित्रिउका छन् भने । वैशाख ११ गते ३ सय ५ जिल्ला भित्रिउका छन् । उनीहरूलाई सम्बन्धीत स्थानीय तहले होम क्वारेण्टाइनमा पठाएको छ । जिल्लामा हालसम्म १२ हजार ८ सय ५७ घर परिवारलाई राहत वितरण गरिएको छ ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती मगर**का अनुसार जिल्ला बाहिर अलपत्र परेका नागरिकहरूलाई जिल्ला ल्याउने क्रम बढेसँगै क्वारेण्टाइन बेड सङ्ख्यामा कमी भएपछि विद्यालय र सार्बजनिक भवनहरूको प्रयोग गरिदै छ । वैशाख ११ गते सम्म जिल्लाका विभिन्न स्थानमा गरी २ हजार ४ सय १५ जना क्वारेण्टाइनमा बसेका छन् ।
पछिल्लो समयमा काठमाण्डौ र अन्य जिल्लामा रहेका मजदुरहरू गाउँ फर्किएका कारण क्वारेण्टाइनको क्षमता भन्दा बढी सङ्ख्या भएको हो । हालसम्म २ सय ६० जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यलयले जनाएको छ । क्वारेण्टाइन राखिएका ३ सय १९ जनालाई घर पठाइएको छ । यसैगरी रोल्पा नगरपालि - ९ मा क्रियाशील युवा क्लब र जलजला आमा समूहले ४६ घरधुरीलाई साबुन र माक्स वितरण गरेको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार जिल्लामा हाल सम्म १ हजार ३५ जना क्वारेण्टाइनमा रहेकोमा ८ सय २६ जना घर फर्केका छन् । आरडीटि परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ देखिए पछि घर पठाइएको हो ।
कपिलवस्तु नपाका १२ वटै वडाका असङ्गठित मजदुर तथा अति विपन्न परिवारहरूका ४ हजार ७ सय ९ घर परिवारलाई राहत वितरण गरिएको नपाका मेयर किरण सिंहले बताउनु भयो । प्रति परिवार १५ किलो चामल , डेढ किलो दाल , १ लिटर खाने तेल , १ किलो नुन र २ वटा साबुन वितरण गरिएको छ ।
कपिलवस्तु नपाले १ करोडको विपद् व्यबस्थापन राहत कोषको स्थापना गरेको छ । उक्त कोषमा मेयर उप मेयरले ३०/३० हजार रुपैँया र नपाका सम्पूर्ण कर्मचारीको सात दिनको तलव जम्मा गरेको नपाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवि सापकोटाले बताउनु भयो ।
जिल्लाका स्थानीय तहहरुले १९ हजार ५ सय ६५ घर परिवारलाई पहिलो चरणको राहत वितरण गरिसकेको र दोश्रो चरणको राहत केही स्थानीय तहले वितरण गरिसकेका छन् । भने अन्य स्थानीय तहले तयारी गरिरहेको प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले जानकारी दिनु भयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार लकडाउनका कारणले शैक्षिक संस्था बन्द भएपछि दाङमा अनलाईन पठनपाठन सुरू गरिएको छ । लकडाउनले हुने शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न केही कलेज र निजी विद्यालयहरूले अनलाइनबाटै पठन पाठन सुरू गरेका हुन ।
घोराहीमा कृष्ण सेन इच्छुक वहुप्राविधिक शिक्षालय, गोरखा मावि र गुरुकुल मावि र तुलसीपुरको राप्ती ववई बहुमुखि क्याम्पसमा अनलाईनबाट सुरु गरिएको हो । वहुप्राविधिक शिक्षालयले प्राविधिक शिक्षाका कक्षा, राप्ती शिक्षा वहुमुखि क्याम्पसमा एमबिएका कक्षा, गोरखा माविमा व्यवस्थापन सङ्कायका कक्षा र गुरुकुलमा कक्षा ७ देखि १० सम्मका पठन पाठन वैशाख १ गतेदेखि भइरहेको छ ।
अनलाइन कक्षाले विद्यार्थीहरूलाई घरमै बसेर सिकाइमा सहज भएको राप्ती ववई बहुमुखि क्याम्पसका सहायक क्याम्पस प्रमुख सूर्यप्रसाद शर्माले जानकारी दिनु भयो । यसैगरी लकडाउन लम्बिने अवस्था रहेको भन्दै सम्भव भएसम्म अन्य शिक्षालयहरूले पनि अनलाइन अध्यापनको तयारी भइरहेको जनााएका छन ।
वैशाख ११ सम्म नौ जना आइसोलेशनमा छन भने १ सय ३ जना क्वारेण्टाइनमा रहेका छन् ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार जिल्लामा वैशाख ११ गतेसम्म लकडाउनको कार्यान्वयन प्रभावकारी देखिएको छ । अत्यावश्यक बाहेक अन्यत्र जिल्ला र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा आवागमन बन्द गरिएको छ । हालसम्म कोही पनि कोरोना सङ्क्रमित देखिएका छैनन् । जिल्लामा २८ बेडको आइसोलेसनमा बिरामी छैनन् । भने ४ सय बेड क्षमताका क्वारेण्टाइनमा २० जना रहेको रहेका छन् । जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत यज्ञश्वर पन्थीले बताउनु भयो ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार वैशाख ११ गते सम्म क्वारेण्टाइन बेडको सङ्ख्या ९ सय ३२ रहेकामा ३ सय ८८ क्वारेण्टाइनमा रहेका छन् । हालसम्म २ सय ९० जना घर फर्किएका छन् ।
लकडाउनको बेला जिल्लामा मेडिकल स्टोरहरूले अत्यावश्यक मेडिकल सामाग्रीहरूमा बढी मुल्य राखी ससामान बिक्री वितरण गरेको भन्दै प्रहरीले नेपालगन्ज उपमनपा - २ स्थित लाईफ केयर सर्जिकललाई उपभोक्ता सङ्रक्षण ऐन बमोजिम २ लाख रूपियाँ जरिवाना गरेको छ ।
जिल्ला प्रसासन कार्यालय ,जिल्ला प्रहरी कार्यालय, बाणिज्य कार्यालय तथा उपभोक्ता हित सङ्रक्षण मञ्चको टोलीले उपस्थितिमा अनुगमन गरेर छापा मारेको जिल्ला प्रहरी कार्यालय बाँकेका एसपी वीरबहादुर वलीले बताउनु भयो ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार जिल्ला प्रसासन कार्यलयले आइसोलेशन र क्वारेण्टाइनको अनुगमनमलाई निरन्तरता दिएको छ ।
गृह मन्त्रालयबाट अनुमति पत्र लियर काठमाउण्डौबाट करिब ४ सय १६ जना व्यक्ति अर्घाखाँची आएका छन् । जिल्ला भित्रिएका सबैलाई स्थानीय तहले बनाएका क्वारेण्टाइन राख्ने सहमती भए पनि भुमिकास्थान नगरपालालिका बाहेक अन्य स्थानीय तहले क्वारेण्टाइनमा नराखी घर पठाएको छ ।

अर्घाखाँची जिल्लाबाट घर गएका सुपादेउरालीमा ज्याला मजदुरी गर्ने कैलाली जिल्लाका १७ वर्षीय युवकमा आरडीटी परीक्षण पोजिटिभ देखिए पछि उनले काम गर्ने क्षेत्रका व्यक्तिहरू त्रसित भएका छन् ।
जिल्ला प्रसासन कार्यालयले जिल्ला बाहिरबाट अनुमति लिएर आउने सङ्ख्या बढदै गएको हुदा लकडाउनलाई थप कडा बनाउने निर्णय गरेको छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**